श्री ५ को सरकार

# कृषि मन्त्रालयको सूचना

## नेपाल कृषि सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) (पहिलो संशोधन) नियमहरू, २०४२

नेपाल कृषि सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल कृषि सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) (पहिलो संशोधन) नियमहरू, २०४२" रहेको छ ।

(२) यी नियमहरू, २०४२ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछन् ।

२. नेपाल कृषि सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम २ मा संशोधनः नेपाल कृषि सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) "श्रेणी वा श्रेणीको तह" भन्नाले यी नियमबमोजिम गरिएको सेवाको, श्रेणी वा श्रेणीको तह सम्झनुपर्छ" ।

३. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ को,–

(१) शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छः–

"सेवाको श्रेणी वा श्रेणीको तह, समूह र पद"

(२) उप-नियम (१) पछि देहायको उप-नियम (१क) थपिएको छः–

"(१क) सेवाको प्रथम श्रेणी र द्वितीय श्रेणीमा देहायका तह रहनेछन्ः–

(क) प्रथम श्रेणीः–

(१) अतिरिक्त सचिव वा सो सरह

(२) सह-सचिव वा सो सरह

(ख) द्वितीय श्रेणीः–

(१) उप-सचिव वा सो सरह

(२) सहायक सचिव वा सो सरह ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-नियम (४) लाई हटाई देहायको उप-नियम (४) र (४क) राखिएको छः–

"(४) सेवाको विभिन्न श्रेणी र श्रेणीको तहमा रहने पदको नामहरू अनुसूची १ क मा तोकिएबमोजिम हुनेछ ।

(४क) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची १ क मा आवश्यक थपघट गर्न सक्नेछ ।"

४. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को,–

(१) उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) सेवा अन्तर्गतको समूह वा उप-समूहमा रिक्त भएको पदको पूर्ति देहायबमोजिम हुनेछः–

(क) विशिष्ट श्रेणीको पद रिक्त भएमा प्रथम श्रेणीका अतिरिक्त सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(ख) प्रथम श्रेणीको अतिरिक्त सचिव वा सो सरहको पद रिक्त भएमा सह-सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(ग) प्रथम श्रेणीको सह-सचिव वा सो सरहको पद रिक्त भएमा उप-सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(घ) द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको पद रिक्त भएमा सहायक सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(ङ) द्वितीय श्रेणीको सहायक सचिव वा सो सरहको पद रिक्त भएमा तृतीय श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(च) तृतीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्तिद्वारा वा राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा स्थायी रूपले घटीमा पाँच वर्षसम्म अटुट सेवा गरेको कर्मचारीहरूमध्येबाट बढुवाद्वारा ।"

(२) उप-नियम (२) मा रहेको "खण्ड (क), (ख) र (ग)" बमोजिम बढुवाद्वारा विशिष्ट श्रेणी, प्रथम श्रेणी, द्वितीय श्रेणीको भन्ने शब्दहरूको सट्टा "खण्ड (ग), (घ) र (ङ)" बमोजिम भन्ने शब्दहरू राखिएको छ :–

(३) उप-नियम (२) पछि देहायको उप-नियम (२क) थपिएको छः–

"(२क) उप-नियम (१) खण्ड (क) र (ख) बमोजिम पद पूर्ति गर्दा सेवा अन्तर्गतको जुनसुकै समूह उप-समूहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा गर्न सकिनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप-नियम (३) मा रहेको "खण्ड (घ)" भन्ने शब्दको सट्टा "खण्ड (च)" भन्ने शब्द राखिएको छ।

५. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को उप-नियम (६) पछि देहायको उप-नियम (७) थपिएको छः–

"(७) बढुवाको प्रयोजनको लागि सेवा प्रवेशको निमित्त तोकिएको शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित उपाधि श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ।"

अनुसूची १ क

(नियम ३ (४) संग सम्बन्धित)

१. सचिव सरह (राजपत्राङ्कित विशिष्ट श्रेणी)

समय समयमा श्री ५ को सरकारले तोकेका पदनामहरू

२. (क) अतिरिक्त सचिव सरहका पदनामहरू (राजपत्राङ्कित प्रथम श्रेणी)

प्रमुख प्राविधिक सल्लाहकार
प्रमुख योजना अधिकृत
समय समयमा श्री ५ को सरकारले तोकेका अन्य पदनामहरू

(ख) सह-सचिव सरहका पदनामहरू (राजपत्राङ्कित प्रथम श्रेणी)

महानिर्देशक
उप-महानिर्देशक
क्षेत्रीय निर्देशक
वरिष्ठ कीटविज्ञ
वरिष्ठ योजना अधिकृत
वरिष्ठ कृषि बजारविज्ञ
वरिष्ठ कृषि इञ्जिनीयर
वरिष्ठ जल उपयोग विशेषज्ञ
वरिष्ठ फलफूलविज्ञ
वरिष्ठ तरकारी विकास अधिकृत
वरिष्ठ आलु विकास अधिकृत
वरिष्ठ कृषि अधिकृत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वरिष्ठ बालीविज्ञ
वरिष्ठ मत्स्य विकास अधिकृत
वरिष्ठ कृषि वनस्पतिविज्ञ
वरिष्ठ गहूँ बाली विकास अधिकृत
वरिष्ठ माटोविज्ञ
वरिष्ठ बाली रोगविज्ञ
वरिष्ठ पशु चिकित्सक
वरिष्ठ पशु विकास अधिकृत
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
वरिष्ठ सुन्तला विकास अधिकृत
वरिष्ठ मकैबाली विकास अधिकृत
वरिष्ठ तालीम अधिकृत
वरिष्ठ कृषि प्रसार तालीम अधिकृत
वरिष्ठ प्रसार तथा तालीम अधिकृत
वरिष्ठ धानबाली विकास अधिकृत
वरिष्ठ कृषि प्राविधिक सल्लाहकार
वरिष्ठ बायोलजिष्ट प्रोडक्शन अधिकृत
वरिष्ठ अधिकृत
वरिष्ठ प्रोग्राम को-अर्डिनेटर
समय समयमा श्री ५ को सरकारले तोकेका अन्य पदनामहरू

३. (क) उप-सचिव सरहका पदनामहरू (राजपत्राङ्कित द्वितीय श्रेणी)

क्षेत्रीय निर्देशक
कीटविज्ञ
योजना अधिकृत
अर्थविज्ञ
कृषि बजारविज्ञ
कृषि तथ्याङ्कविज्ञ
कृषि इञ्जिनीयर
जल उपयोग विशेषज्ञ
स्वायल कञ्जरभेशन अधिकृत
फलफूल संरक्षण अधिकृत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
22

फलफूलविज्ञ
तरकारी विकास अधिकृत
आलु विकास अधिकृत
कृषि विकास अधिकृत
कृषि अधिकृत
बालीविज्ञ
मत्स्य विकास अधिकृत
जूट विशेषज्ञ
कृषि वनस्पतिविज्ञ
माटोविज्ञ
बाली रोगविज्ञ
पशुचिकित्सक
सुपरिवेक्षक
पशु विकास तथा पशु स्वास्थ्य अधिकृत
भू-संरक्षण अधिकृत
पशु विकास अधिकृत
कृषि अर्थविज्ञ
कृषि तथ्याङ्कविज्ञ
खाद्य अनुसन्धान अधिकृत
सुन्तला विकास अधिकृत
कृषि सूचना अधिकृत
फार्म प्रबन्धक
भेटेरिनरी पब्लिक हेल्थ अधिकृत
मकै विकास अधिकृत
कपास विकास अधिकृत
व्यावसायिक कीटविज्ञ
ग्रामीण युवा अधिकृत
तालीम अधिकृत
कृषि प्रसार तालीम अधिकृत
प्लाण्ट युज प्लानर
एगृ इञ्जिनीयर
समय समयमा श्री ५ को सरकारले तोकेका अन्य पदनामहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
22

(ख) सहायक सचिव सरहका पदनामहरू (राजपत्राङ्कित द्वितीय श्रेणी)

उप-कीटविज्ञ
उप-योजना अधिकृत
उप-अर्थविज्ञ
उप-कृषि बजारविज्ञ
उप-कृषि तथ्याङ्कविज्ञ
उप-कृषि इञ्जिनीयर
उप-जलउपयोग विशेषज्ञ
उप-स्वायल कञ्जरभेशन अधिकृत
उप-फलफूल संरक्षण अधिकृत
उप-फलफूलविज्ञ
उप-तरकारी विकास अधिकृत
उप-आलु विकास अधिकृत
उप-कृषि विकास अधिकृत
उप-कृषि अधिकृत
उप-बालीविज्ञ
उप-मत्स्य विकास अधिकृत
उप-जूट विशेषज्ञ
उप-कृषि वनस्पतिविज्ञ
उप-माटोविज्ञ
उप-बालीरोग विज्ञ
उप-पशु चिकित्सक
उप-सुपरिवेक्षक
उप-पशु विकास तथा पशुस्वास्थ्य अधिकृत
उप-भू-संरक्षण अधिकृत
उप-पशु विकास अधिकृत
उप-कृषि अर्थविज्ञ
उप-कृषि तथ्याङ्कविज्ञ
उप-खाद्य अनुसन्धान अधिकृत
उप-सुन्तला विकास अधिकृत
उप-कृषि सूचना अधिकृत
उप-फार्म प्रबन्धक
उप-भेटेरिनरी पब्लिक हेल्थ अधिकृत
उप-मकै विकास अधिकृत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

उप-कपास विकास अधिकृत
उप-व्यावसायिक कीटविज्ञ
उप-ग्रामीण युवा अधिकृत
उप-तालीम अधिकृत
उप-कृषि प्रसार तालीम अधिकृत
उप-प्लाण्ट युज प्लानर
उप-एगृ इञ्जिनीयर
समय समयमा श्री ५ को सरकारले तोकेका अन्य पदनामहरू

४. शाखा अधिकृत सरह (राजपत्राङ्कित तृतीय श्रेणी)

सहायक कीटविज्ञ
सहायक योजना अधिकृत
सहायक अर्थविज्ञ
सहायक कृषि बजारविज्ञ
सहायक तथ्याङ्कविज्ञ
सहायक कृषि इञ्जिनीयर
सहायक जल उपयोग विशेषज्ञ
सहायक स्वायल कञ्जरभेशन अधिकृत
सहायक सहकारी प्रशिक्षक
सहायक प्रचार अधिकृत
सहायक अनुसन्धान अधिकृत
सहायक फलफूल संरक्षण अधिकृत
सहायक फलफूलविज्ञ
सहायक तरकारी विकास अधिकृत
सहायक आलु विकास अधिकृत
सहायक बागवानीविज्ञ
सहायक फलफूल विकास अधिकृत
सहायक वैज्ञानिक अधिकृत
सहायक कृषि विकास अधिकृत
सहायक कृषि अधिकृत
सहायक बालीविज्ञ
सहायक अदुवाविज्ञ
सहायक मत्स्य विकास अधिकृत
सहायक जूट विकास अधिकृत
सहायक कृषि वनस्पतिविज्ञ
सहायक सीड टेक्नोलजिष्ट
सहायक सूर्ति विकास अधिकृत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहायक गहूँ बालीविज्ञ
सहायक उखु विकास अधिकृत
सहायक प्रोडक्शन एग्रोनमिष्ट
सहायक बाली उत्पादन अधिकृत
सहायक माटो विशेषज्ञ
सहायक बाली रोगविज्ञ
सहायक च्याउ विशेषज्ञ
सहायक कृषिविज्ञ
सहायक पशु चिकित्सक
सहायक सुपरिवेक्षक
सहायक पशु चिकित्सक तथा क्यूरेटर
सहायक वनस्पतिविज्ञ
सहायक पशु स्वास्थ्य अधिकृत
सहायक भू-संरक्षण अधिकृत
सहायक इन्टरप्रेटर
सहायक पोल्ट्री अधिकृत
सहायक चरण विकास अधिकृत
सहायक पशु विकास अधिकृत
सहायक तथ्याङ्कविज्ञ
सहायक कृषि अर्थविज्ञ
सहायक कृषि तथ्याङ्कविज्ञ
सहायक खाद्य अनुसन्धान अधिकृत
सहायक सुन्तला विकास अधिकृत
सहायक अलैंची विशेषज्ञ
सहायक प्लाण्ड क्वाराण्टाइन अधिकृत
सहायक तरकारीविज्ञ
सहायक बाली संरक्षण अधिकृत
सहायक गहूँ प्रजननविज्ञ
सहायक कृषि सूचना अधिकृत
सहायक बजारविज्ञ
सहायक तथ्याङ्कविज्ञ
समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू ।

आज्ञाले,
पृथुनरसिंह राणा
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।